माई नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्या : १०** **प्रमाणित मिति : २०८० श्रावण ९**

## भाग २

## स्वास्थ्य चौकी/अस्पताल एम्बुलेन्स सेवा संचालन मापदण्ड, २०८०

**माई नगरपालिका, इलाम**

कार्यपालिकामा पेश मिति: २०८०/०३/०९
कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०३/०९
प्रमाणित मिति: २०८०/०४/०९

# स्वास्थ्य चौकी/अस्पताल एम्बुलेन्स  सेवा संचालन मापदण्ड, २०८०

**प्रस्तावनाः** माई नगरपालिका क्षेत्रभित्र तत्काल स्वास्थ्य उपचार चाहिने बिरामी तथा प्रेषण भई अन्यत्र सेवा लिन जानु पर्ने सेवाग्राहीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले माई नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन मापदण्ड ,२०८० को दफा ६ को खण्ड ले दिईएको अधिकार प्रयोग गरी (य) माई अस्पतालको अस्पताल व्यवस्थापन समितिले यो मापदण्ड बनाइ लागू गरेको छ।

## परिच्छेदः एक

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मापदण्डको नाम "स्वास्थ्य चौकी एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो मापदण्ड अस्पताल व्यवस्थापन समितिबाट पारित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा यस मापदण्डमाः–

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृती प्राप्त गरेको वहान सम्झनु पर्दछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले माई नगरपालिका अन्तरगतको माई अस्पताल र स्वास्थ्य चौकी समेतलाई सम्झनु पर्छ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा संचालनका, व्यवस्थापन तथा अनुगमन सम्बन्धि व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स सेवा निर्देशन तथा व्यवस्थापन समिति रहनेछ।

(क)स्वास्थ्य संस्था व्यवस्थापन समिति प्रमुख – संयोजक

(ख)प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) नगरपालिका प्रमुखले तोकेको समाजसेवी, प्रतिष्ठित व्यक्तिहरुमध्येबाट – सदस्य

(घ) स्वास्थ्य संस्था रहेको वडाको वडाध्यक्ष – सदस्य

(ङ) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य चौकी/संस्था प्रमुख – सदस्य

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने। यस मापदण्ड अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) सरोकारवाला तथा अन्य सङ्घहरुबिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(ङ) अस्पतालको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(च) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई एम्बुलेन्स-कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण
गर्ने।

(छ) चालकको सेवा सुविधा र शर्तको विषयमा आवश्यक निर्णय गर्ने।

(२) समितिको सदस्य–सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण समिति बैठकमा पेश गर्नुपर्नेछ।

**५. सेवा र शुल्क सम्बन्धी व्यवस्था**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले तोकिएको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम अस्पताल एम्बुलेन्स कोषको खातामा जम्मा गर्नुपर्नेछ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि अस्पतालले नगदी रसिद उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता, लगबुकको आधारमा सम्बन्धित अस्पतालमा राखिने छ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

(५) कोषको रकम अस्पतालको बैठकले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ। कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिद तथा व्यवस्थापनमा खर्च गरिनेछ।

**६. चालकको नियुक्ती र सेवा सुविधा**

(१) एम्बुलेन्स सेवा संचालनका लागि अस्पतालको व्यवस्थापन समितिको निर्णय अनुसार अस्पतालले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी योग्यता पुगेको चालक सेवा करारमा छनोट गरि नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा ३. बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ र चालकलाई यसै कार्यविधि बमोजिमको कोष बाट नै तलब भत्ता व्यहोरीने छ।

(३) एम्बुलेन्स चालक तथा एम्बुलेन्स सेवामा खटिने स्वस्थ्यकर्मीको कम्तिमा रु. दुई लाख सम्मको दुर्घटना विमा गरिने छ। विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट वेहोरिने छ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (१) बमोजिम हुनेछ।

**७. एम्बुलेन्स सन्चालन कोष**

(१) एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीको तलब भत्ताको व्यबस्था गरि एम्बुलेन्सको नियमित सन्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सन्चालन कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

(क)सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्रप्त सेवा शुल्क बापतको रकम,

(ख)भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्बुलेन्स सन्चालनका लागि प्राप्त रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदी।

**८. कोषको सन्चालन र उपयोगः**

(१) कोषको खाता सञ्चालन समितिले निर्णय गरे वमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैँक तथा वित्तीय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून वमोजिम सञ्चालन हुनेछ।

(२) कोषको खाता सञ्चालन नगरपालिकाको लेखा शाखा प्रमुख र अस्पताल प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा वमोजिम हुनेछ।

(४) कोषको आर्थिक कारोबारको उत्तरदायित्व,जिम्मेवारी र जवाफदेहीता आर्थिक कारोबारको निर्णयकर्ता सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) कोषको आम्दानी र खर्चको अभिलेख,आम्दानी र खर्च सम्बन्धी कार्यविधी,लेखाको अभिलेखको सिद्धान्त,आर्थिक विवरण तयारी,सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आयव्यय तथा सम्पत्तिको विवरण तयारी,आन्तरिक लेखापरीक्षणको सिद्धान्त,बेरुजु अभिलेख,बेरुजु फछर्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधी सम्बन्धी कानून वमोजिम हुनेछ।

(६) एम्बुलेन्सको नियमित मर्मत संभार,मालसामान,परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०७५ बमोजिम हुनेछ।

**९. लेखा र लेखा परिक्षणः**

(१) एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ।

(२) एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्च हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखा परीक्षकबाट सालबसाली रुपमा लेखापरिक्षण गराईनेछ।

**१०.विवादको समाधानः**

(१) एम्बुलेन्स सन्चालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स सन्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ।

(२) एम्बुलेन्स सन्चालक समितिले समाधान गर्न नसकेको विबादहरु अस्पताल व्यवस्थापन समितिबाट निर्णय गरी समाधान गरिनेछ।

**११.विविध**

(१) एम्बुलेन्स रहने स्थानः सम्बन्धित स्वास्थ्य संस्थाको हातामा सुरक्षित साथ राखिनेछ।

(२) एम्बुलेन्सको सञ्चालनको दैनिक विवरण म.ले.प.फा.नं. ९०५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(३) एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा मर्मत कार्य अस्पताल प्रमुखलाई जानकारी गराई निर्देशन भए बमोजिम गर्न सक्नेछ । एम्बुलेन्सको मर्मत सम्भारको अभिलेख म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा राख्नुपर्ने छ ।

(४) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (२) बमोजिम हुनेछ ।

(५) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्तको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(६) यस मापदण्डमा आवश्यकता अनुसार अस्पताल व्यवस्थापन समितिले संशोधन र हेरफेर गर्न सक्नेछ ।

# अनुसुची – १

## (मापदण्डको दफा ६ को उपदफा (४) संग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

(१) एम्बुलेन्स सञ्चालन मापदण्ड, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,

(२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

(३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

(४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

(५) आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

(६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

(७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

(८) बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

(९) आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,

(१०) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने,

(११) आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

(१२) नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो

गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म...................... ठेगाना ......................क.................. ना.प्र.प. नं. ............. जारी मिति .......................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं. .......................... जारी मिति ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । अस्पतालको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको:
दस्तखतः
नामः
मितिः

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयको छापः

# अनुसूची- २

**(मापदण्डको दफा ११ को उपदफा (४) संग सम्बन्धित)**

**“ग” वर्गको (common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण**

क. First Aids sf समानहरु
ख. Oxygen Cylinder, Follow Meter/Mask
ग. IV injection दिन सक्नर व्यवस्ता ,
घ. Stretcher Cum Board
ङ. Stethoscope, BP Apparatus ,Torchlight

आज्ञाले,

महेन्द्र विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत